## संवत् २०७९ साल असार ३१ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | विषय |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक कुलदेव थापालाई अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा बढुवा गर्ने। |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | माथिल्लो कर्णाली जलविद्युत परियोजनाको वित्तीय व्यवस्थापनको म्याद मन्त्रिपरिषद्बाट निर्णय भएको मितिले दुई वर्ष थप गर्ने। |
| ३. | अर्थ मन्त्रालय | पेट्रोलियम पदार्थमा पूर्वाधार कर वापत मूल्य समायोजन भएको रकम ५९ करोड ८६ लाख ८० हजार रुपैयाँ अनुदान स्वरुप उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत् नेपाल आयल निगमलाई उपलब्ध गराउने। |
| ४. | अर्थ मन्त्रालय | पेट्रोलियम पदार्थको मूल्य समायोजन भएको कारण नेपाल आयल निगमले इण्डियन आयल कर्पोरेशन लिमिटेडलाई भुक्तानी दिन रकम अपुग भएकाले, नेपाल सरकार अर्थ मन्त्रालयले नेपाल आयल निगमलाई ७ (सात) अर्ब रुपैयाँ ऋण लगानी गर्ने। |
| ५. | उद्योग, बिणज्य तथा आपूर्ति मन्त्रालय | विभिन्न १० बस्तुको पैठारीमा लगाइएको बन्देजलाई भदौ १४ गतेसम्म निरन्तरता दिने। |
| ६. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने । |
| ७. | कृषि तथा पशपन्छी विकास मन्त्रालय | बर्ड फ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको राहत प्रदान गर्ने र सो रोग नियन्त्रणमा |

| | | |
|---|---|---|
| | | खटाइएकालाई प्रोत्साहन सुविधा प्रदान गर्ने मापदण्ड स्वीकृत गर्ने। |
| ८. | खानेपानी मन्त्रालय | मेलम्ची खानेपानी आयोजनाको सुरुङ्ग परीक्षण गर्ने क्रममा दुर्घटनामा परी दिवंगत हुनुभएका इ. सतिश कुमार गोइत र सवारी चालक राधाकृष्ण थापा मगरको परिवारलाई क्षतिपूर्ति स्वरुप पाँच/पाँच लाखका दरले आर्थिक सहायता उपलब्ध गराउने। |
| ९. | गृह मन्त्रालय | जुरे पहिरो पीडित समुदायका लागि जनस्तरबाट सङ्कलित रकम फुकुवा गर्न स्वीकृति दिने। |
| १०. | गृह मन्त्रालय | कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ३५ अनुसार सर्वोच्च अदालतको फैसलाबाट अन्तिम कसुरदार ठहर भई भक्तपुर जिल्ला साविक कटुन्जे गा.वि.स. वडा नं. २क स्थित ४-१-३-० रोपनी जग्गा कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको नाममा दाखिल खारेज गर्ने। |
| ११. | गृह मन्त्रालय | लुम्बिनी गार्डेन फाउण्डेसनले उपलब्ध गराउन प्रस्ताव गरेको Jadeite Stone को बुद्धमूर्ति उपहार स्वरूप स्वीकार गर्ने। |
| १२. | परराष्ट्र मन्त्रालय | नेपाल र इटालीका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने सम्बन्धी समझदारीपत्रमा नेपाल सरकारका तर्फबाट समकक्षी मिलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने। |
| १३. | परराष्ट्र मन्त्रालय | नेपाल र अरब गणतन्त्र इजिप्टबीच जुलाई १६, २००७ मा सम्पन्न भएको Agreement on |

| | | |
|---|---|---|
| | | Economic and Technical Cooperation लागू गर्नका लागि नेपालको तर्फबाट अनुमोदनको प्रकृया पूरा भएको जानकारी इजिप्ट सरकारलाई लेखि पठाउन परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिने। |
| १४. | रक्षा मन्त्रालय | श्री नं. २७ बाहिनी अड्डाको लागि आवश्यक जग्गा प्रचलित कानूनबमोजिम मुआब्जा दिनेगरी प्राप्तगर्न नेपाली सेनालाई स्वीकृति दिने। |
| १५. | रक्षा मन्त्रालय | प्रधान सेनापति महारथी श्री प्रभुराम शर्मालाई मिति २०७९ साउन ९ देखि ११ गतेसम्म अष्ट्रेलियाको सिड्नीमा सञ्चालन हुने "Annual Chiefs of Defense Conference-२०२२" मा भाग लिन स्वीकृति दिने। |
| १६. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक पदमा श्री प्रदिप शर्मा पौडेल (पर्वत) लाई नियुक्त गर्ने। |
| १७. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपालले हुलाक वस्तुको अन्तर्राष्ट्रिय डाँक ढुवानीको लागि विश्व हुलाक संघ (UPU) ले निर्धारण गरेको दरमा नबढ्ने गरी आवश्यकता अनुसार एक वा एक भन्दा बढी हवाई सेवा कम्पनीसँग सम्झौता गरी अन्तर्राष्ट्रिय डाँक ढुवानीको व्यवस्थापन गर्न हुलाक सेवा विभागका महानिर्देशकलाई अख्तियारी दिने। |